AUSCO

## अष्ट्रेलियन सांस्कृतिक अभिमुखीकरण कार्यक्रम

# बसोबास तय गर्नु

अष्ट्रेलियामा बसोबास तय गर्ने सबभन्दा छिटो तरिका भनेको अङ्ग्रेजी भाषा सिक्नु र काम खोज्नु वा तालिम प्राप्त गर्नु हो। तर, नयाँ देशमा बसाईँसरेर जानु तनावयुक्त हुनसक्छ र तपाईँलाई आवास, रोजगारी वा तपाईँको अङ्ग्रेजी भाषा क्षमताबारे चिन्ता लाग्न सक्छ।

अष्ट्रेलियाले तपाईँलाई बसोबासको प्रकृयामा सघाउन यी शुरूका दिनहरूमा विभिन्न प्रकारका सरकारी सेवाहरू उपलब्ध गराउँछ। ती सेवाहरू डिपार्टमेण्ट अफ सोसल सर्भिसेज - डिएसएस (Department of Social Services - DSS) ले व्यवस्थापन गरेको मानवीय बसोबास कार्यक्रम अर्थात 'ह्युमानिटेरियन सेटलमेन्ट प्रोग्राम' - एचएसपी (Humanitarian Settlement Program - HSP) मार्फत उपलब्ध गराइन्छ। तपाईँले प्राप्त गर्ने सहायता तपाईँको परिवार वा व्यक्तिगत आवश्यकतामा निर्भर हुनेछ।

शुरूमा तपाईँलाइ एकजना केसवर्कर वा प्रस्तावकले तपाईको आत्मनिर्भरता तर्फ अग्रसर हुने बाटोमा तपाईँलाई मद्दत गर्नेछन्। उनीहरूले तपाईँलाई विमानस्थलमा भेटेर तपाईको बसोबास स्थलसम्म लैजानेछन्।

प्रत्येक मानिसको यात्रा फरक फरक खालको हुने भए पनि अष्ट्रेलिया आइपुगेपछि शुरूका केही हप्ताहरूमा गर्नैपर्ने केही अनिवार्य प्रकृयाहरू सबैले पूरा गरेको हुनुपर्छ।

तपाईँले के कुरा कहिले गर्नुपर्छ भन्ने थाहा पाउन तलको  कार्यसुचि को प्रयोग गर्नुहोस्। तपाईँको केसवर्कर वा प्रस्तावकले यी हरेक कदमहरूमा तपाईँलाई मद्दत गर्न सक्छन्।

### पहिलो हप्तामा

- ☐ अष्ट्रेलियाको विमानस्थलमा आइपुग्ने - तपाईँको केस वर्कर वा प्रस्तावकले तपाईँसित भेट गर्नेछन्।
- ☐ तपाईँको बस्ने ठाउँमा आइपुग्ने।
- ☐ बैङ्कमा खाता खोल्ने - पैसा जम्मा गर्ने / निकाल्ने तरिका सिक्ने।
- ☐ सेन्टरलिङ्क (Centrelink) मा दर्ता गर्ने - त्यसो गरेमा तपाईँले सहायता रकमको भुक्तानी लिन सक्नुहुनेछ।
- ☐ मेडिकेयर (Medicare) मा दर्ता हुने - त्यसो भएमा तपाईँले चिकित्सासेवा पाउन सक्नुहुन्छ।
- ☐ तपाईको ट्याक्स फाइल नम्वर (टि एफएन) (Tax File Number - TFN) प्राप्त गर्ने - त्यसो भएमा तपाईलेँ रोजगारीको खोजी गर्न सक्नुहुन्छ।

### पहिलो पन्ध्र दिनमा

- ☐ तपाईँका बालबालिकालाई विद्यालयमा भर्ना गर्नुहोस्।
- ☐ तपाईँको नयाँ छिमेकमा परिचित बन्नुहोस्। सबभन्दा नजिकको किनमेल केन्द्र, सुपरमार्केट, अस्पताल, पुस्तकालय र सार्वजनिक यातायात सम्पर्कहरू पत्ता लगाउनुहोस।
- ☐ तपाईँको परिवारको चिकित्सा सेवाको लागि स्थानीय चिकित्सक पत्ता लगाउनुहोस्।

### पहिलो ६ महिनामा

- ☐ स्वास्थ्य जाँच गर्नुहोस्।
- ☐ अङ्ग्रेजी भाषा सिक्नको लागि  एएमइपि कार्यक्रम अर्थात् (Adult Migrant English Program - AMEP) मा दर्ता गर्नुहोस्।
- ☐ यदि तपाईँको पहिलो घर अस्थायी भएको भए तपाईँले दीर्घकालिन आवास खोज्नु पर्नेछ।
- ☐ रोजगारी वा तालिमको अवसर खोजी गर्न थाल्नुहोस्।

अष्ट्रेलियामा बसोबास गर्ने सबै मानिसहरू विभिन्न राज्यहरू र प्रदेशहरूमा आवतजावत गर्न स्वतन्त्र छन्। तपाईँको शुरूको बसोबास स्थानबाट चाँडै अन्यत्र सर्नुभएमा HSP कार्यक्रम अन्तर्गत तपाईँले पाउने केही सहयोगहरू संगको पहुँच गुमाउनु पर्ने हुन सक्नेछ। बसोबास गरेको ठाउँबाट अन्यत्र सर्ने निर्णय गर्नुअघि तपाईँको केसवर्कर वा प्रस्तावकसित सोधपुछ गर्नुहोस् र उनीहरूको सल्लाह लिनुहोस्।

अष्ट्रेलिया भौगोलिक रूपमा एउटा ठूलो देश हो, तर यो देशमा बसोबास गर्ने मानिसहरूले उच्च गुणस्तरको सञ्चार र यातायात सम्पर्क मार्फत सजिलै आपसमा सम्पर्क कायम गर्ने गर्छन्। अष्ट्रेलियनहरू आफ्ना साथीभाई र परिवारसित भेट्न प्रायः लामो दूरीको यात्रा जुन प्रायःजसो सप्ताहन्तमा वा विदाको समयमा गर्छन्। परिवार र साथीहरू भेट्न तपाईँले आफ्नो बासस्थान बदल्नु पर्दैन; यसको बदला तपाईँले सार्वजनिक यातायात जस्तो कि बस वा रेलहरूको प्रयोग गरेर पनि तपाईँउनीहरूसित भेट्न जान सक्नुहुन्छ।

## महत्वपूर्ण नामहरू र सम्पर्क :

### केसवर्कर

यदि तपाईँ उपवर्ग अर्थात् सबक्लास 200, 201, 203 वा 204 भिसा अन्तर्गत हुनु हुन्छ भने तपाईँलाइ बसोबासको लागि सघाउन एकजना केसवर्कर तोकिनेछ। केसवर्करहरु HSP कार्यक्रम अन्तर्गत सेवाहरू उपलब्ध गराउने सङ्गठनहरूका कर्मचारीहरु हुन्। अष्ट्रेलियामा तपाईँको बसोबास गर्न सघाउने केसवर्करले तपाईँलाई विमानस्थलमा भेट्नेछन्। तिनीहरू तपाईँसित सधैँ साथमा रहन सक्दैनन् त्यसलै तपाईँले आफ्नो बसोबासको लागि आवश्यक कदमहरू स्वयम् चाल्नु महत्वपूर्ण हुन्छ। प्रश्नहरू सोध्नुहोस्। विभिन्न सरकारी एजेन्सीहरूमा काम गर्ने अनेकौँ मानिसहरू जो अष्ट्रेलियन सर्वसाधारणलाई मद्दत गर्न जिम्मेवार हुन्छन् – र यसको मतलव तपाईँ जस्तो मानिसलाई मद्दत गर्नु उनीहरूको जिम्मेवारी हुन्छ।

यदि तपाईँले सबक्लास 202 भिषा लिनु भएको भए तपाईँको प्रस्तावकले तपाईँलाई अष्ट्रेलियामा बसोबासको लागि मद्दत गर्न सहमति जनाएको हुन्छ। प्रस्तावक प्रायः गरेर पारिवारको सदस्य, साथी वा सामुदायिक सङ्गठन हुनेगर्छ। तपाईँको प्रस्तावक तपाईँलाई बसोबासको लागि मद्दत गर्न जिम्मेवार रहने भए पनि HSP केसवर्करले तपाईँको प्रस्तावकलाई फोन गरेर तपाईँलाइ थप सहायता आवश्यक छ वा छैन भन्ने कुरा यकिन गर्न तपाईँसित भेट गर्न समय मिलाउने छन्।

### HSP अभिमुखीकरण तालिम

AUSCO बाट प्राप्त जानकारीपछि HSP तालिमले थप जानकारी दिनेछ। तपाईँको नयाँ समुदाय र शहरमा यस जानकारीलाई व्यवहारमा लागू गर्न सघाउने यो कार्यक्रम कक्षाकोठा, स्थलगत भ्रमण र अन्य कृयाकलापहरूमार्फत उपलब्ध गराउने गरिन्छ।

HSP तालिम तपाईँको प्रश्नको उत्तर पाउने र तपाईँजस्तै परिस्थितिमा रहेका अरू मानिसहरूबाट सिक्ने अवसरका साथै अवासीय विषय र पैसा ब्यवस्थापन गर्ने लगायतका विषयमा व्यावहारिक ज्ञान हासिल गर्ने मौका हो। उदाहरणको लागि, केही मानिसले तपाईँलाई आफ्नो स्थानीय क्षेत्रमा रहेका सस्ता पसलहरू देखाइदिएर तपाईले सामान किनमेल र खर्चबर्च चलाउने कुरा सिक्न सक्नुहुन्छ। तपाईँले स्थानीय प्रहरी र वकिलहरूसित भेटेर अष्ट्रेलियन कानूनबारे थप जानकारी लिन सक्नुहुनेछ।

HSP तालिमले तपाईँलाई व्यावहारिक दक्षता र ज्ञान दिनेछ जसले अष्ट्रेलियामा नयाँ जीवनयापन गर्न तपाईँलाई सहयोग गर्नेछ। थप जानकारीको लागि यो वेबसाईटमा जानुहोस्: www.dss.gov.au र मानवीय बसोबास सेवा अर्थात् 'Humanitarian Settlement Program' खोज्नुहोस्।

### TIS National राष्ट्रिय दोभाषे सेवाहरू

यदि तपाईँलाई दोभाषे चाहिएमा कृपया (Translating and Interpreting Service - TIS National) को नम्बर 13 1450 मा फोन सम्पर्क गर्नुहोस्। थप जानकारीको लागि, www.tisnational.gov.au/en/Non-English-speakers वेबसाइटमा जानुहोस्।



## Centrelink

तपाईँ हरेक दुईहप्तामा एक पटक Centrelink बाट रकम भुक्तानी प्राप्त गर्न योग्य हुन सक्नुहुन्छ। यदि तपाईँ योग्य हुनुभएमा Centrelink ले तपाईँको बैङ्क खातामा रकम जम्मा गरिदिनेछ। तपाईँले प्राप्त गर्ने रकम अर्को कुनै व्यक्तिले पाउनेभन्दा फरक हुनसक्छ। Centrelink ले तपाईँको व्यक्तिगत परिस्थितिलाई आधार मानेर कति रकम दिने भन्ने कुराको निर्णय गर्दछ। थप जानकारीको लागि www.humanservices.gov.au/customer/dhs/centrelink मा जानुहोस्।

## वयस्क आप्रवासी अङ्ग्रेजी कार्यक्रम (AMEP)

तपाई AMEP मा अंग्रेजी अध्ययन गर्नको लागि योग्य पनि हुन सक्नुहुन्छ। AMEP ले ५१० घण्टा सम्मको अंग्रेजी भाषा अध्यापन निशुल्क: रुपमा प्रदान गर्दछ। तपाईको स्थानिय AMEP सेवा प्रबन्धक पत्ता लगाउनको लागि, www.education.gov.au/amep मा जानुहोला वा स्किलिङ्गी अष्ट्रेलियन जानकारी लाईनको 13 3873 मा अष्ट्रेलियाको कुनैपनि स्थानबाट स्थानिय फोन कलको दरमा फोन गर्न सक्नुहुनेछ।

## कर दर्ता नम्बर अर्थात् (Tax File Number - TFN)

Centrelink बाट भत्ता पाउन वा काम गर्न तपाईँलाई Tax File Number आवश्यक पर्नेछ। यो तपाईँलाई अष्ट्रेलियन कर कार्यालय (Australian Taxation Office) ले जारी गरेको एक अद्वितीय नम्बर हो। यसले तपाईँलाई आम्दानी सहायता वा अन्य भत्ताका लागि आवेदन गर्न मद्दत गर्छ। Centrelink का कर्मचारीले TFN प्राप्त गर्न सघाउन सक्छन्। थप जानकारीको लागि www.ato.gov.au मा जानुहोस्।

## Medicare

Medicare ले केही चिकित्सा हेरविचारको मेडिकल खर्चमा सहायता उपलब्ध गराउँछ। तपाईँको प्रस्तावक वा केसवर्कर ले सबभन्दा नजिकको Medicare सेवा केन्द्र, अस्पताल, चिकित्सकको कार्यालय र अन्य स्वास्थ्य सेवाहरू तपाईँलाई देखाउँछन्। थप जानकारीको लागि www.humanservices.gov.au/medicare मा जानुहोस्।

## खोप लगाउन

अनिवार्य नभए पनि तपाईँ आफ्नो पूरा स्वास्थ्य परीक्षणको लागि जानु आवश्यक छ, तपाईँका केटाकेटीलाई खोपहरू लाउन सिफारिश गरिन्छ। केही राज्य र प्रदेश सरकारहरूले केटाकेटीलाई दिउँसो हेरबिचार गर्ने केन्द्र वा विद्यालयमा भर्ना गरिँदा बाल बालिकाको खोपको अवस्थाको रेकर्ड प्रस्तुत गर्न अनुरोध गर्दछन्। थप जानकारीको लागि www.health.gov.au मा जानुहोस्।



यो पृष्ठ जानीबुझी खाली राखिएको हो

*संशोधित संस्करण (एप्रिल 2018)*

Australian Government
Department of Social Services

अष्ट्रेलियन सामाजिक सेवा विभाग
को तर्फबाट अन्तर्राष्ट्रिय आप्रवासन संगठन
द्वारा प्रदान गरिएको।

IOM • OIM